आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: २०८१/०८२
चलानी नं.:

## उत्पादनमा आधारित अनुदान कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति २०८१/१२/०३)

आँबुखैरेनी गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम रहेकोले दुग्ध उत्पादक सहकारी संस्था/कृषक फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८१/१२/१७ गते सम्ममा आ.व २०८१/०८२ को दोस्रो चौमासिक अन्तर्गत (मंसिर, पुष, माघ र फागुन) महिनामा कारोबार भएको विवरण र निम्न अनुसारको कागजात सहित यस कार्यालयको पशु सेवा शाखामा दुधमा अधिकतम रु ४ (अक्षरुपी चार रुपैयाका दरले) प्रति लिटर अनुदानको लागि प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यक्रम**

| क.सं | कार्यक्रम | आवस्यक न्यूनतम सर्तहरु | कैफियत |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम (प्रति लि. रु ४ का दरले) | उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि अनुसार | |

**आवश्यक कागजातहरु**

१. अनुसूची १ अनुसारको आवेदन फारम ।
२. संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३. आधिकारीक च्यालनमा दैनिक दुग्ध कारोबार गरेको वा विक्री गरेको प्रमाणित अभिलेख।
४. दुध कारोबार गर्ने कृषकहरुको नागरिकताको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

..............................
विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन/फ्याक्स नं.: ०६५-५४००८२, ईमेल: akruralmunicipality73@gmail.com, Web.: aanbookhairenimun.gov.np